लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

घोराही, दाङ

पत्र संख्या : ०८२/८३
चलानी नं :

## कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशन भएको मितिः २०८२।०६।३०)*

आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८२।०७।२८ गते सम्म) यस केन्द्रमा तपसिल अनुसारका कागजातहरू सहित केन्द्रले निर्धारण गरेको ढाचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजात संलगन राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्र, केन्द्रको वेवसाईट (dang.akc.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

| कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|
| बीउ आत्मनिर्भर कार्यक्रम | उत्पादन सामग्रीः स्रोत बीउ, सूचीकृत प्राङ्गारिक मल,, सुक्ष्म तत्व खरिद, प्याकेजिङ सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरू खरिद, भण्डारण सामाग्री तथा बजारिकरणमा सहयोग | बीज वृद्धि – क्षेत्रफल कठ्ठा:<br>तरकारी बीउ – ७.५<br>लसुन तथा प्याज बीउ – १०<br>खाद्यान्न बाली बीउ – १५०<br>दलहन/ तेलहन बीउ – २०<br>आलु बीउ पि.वि.एस. – ५०० दाना<br>आलु बीउ (अन्य स्तर) – २०<br>एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने, | • मूल/प्रजनन बीउ सामाग्रीको हकमा तपसिलमा उल्लिखित रकममा नबढ्ने गरि अधिकतम ५० प्रतिशत अनुदान रकम उपलब्ध गराईने छ<br>• आलु (पि वि एस प्रति १०० दाना) बाट बीउ उत्पादनका रू. २५००/-<br>• तरकारी, लसुन, प्याज तथा अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु. ५०००/-<br>खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति रोपनी |



०८२/६/३०
(प्रमुख)
बाली संरक्षण निर्देशक

पत्र संख्या : ०८२/८३
चलानी नं :

| कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|
| | | सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>बीउ बिजन कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने,<br>स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | रु.१५००/- अनुदान दिइने। |
| सिंचाई सहित कृषि विकास कार्यक्रम | सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद,<br>सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | फर्म/कम्पनी/कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>फर्म कम्पनीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।<br>रु. ५० हजार भन्दा कम लागतको आयोजना पेश गर्न पाईने छैन | कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग,<br>• फर्म /कम्पनीको हकमा प्रति आयोजना अनुदानग्राही अधिकतमम रु ७५ हजार सम्म,<br>• कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना रु १ लाख ५० हजार सम्म, |
| केरा खेती प्रर्वद्धन कार्यक्रम | उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, बजारीकरण सामग्रीहरू, Ripening chamber, भण्डारण लगायतका पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • फर्म/कम्पनी/कृषक समूह/ कृषि सहकारी मार्फत कार्यक्रम संचालन गरिने<br>• सामूहिकरूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने। | • बीउविजन/वेर्ना उत्पादन सामाग्री तथा उपकरण, सिचाइ तथा भण्डारण पुर्वाधारमा प्रति हेक्टर अधिकतम रु. १ लाखमा नबढ्ने गरि ५० प्रतिशत अनुदान सहयोग। |
| कृषि उपजको बजारिकरणमा | • स्थानीय उत्पादनको संकलन,प्याकेजिङ्ग, ग्रेडिङ्ग | • कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि | प्रति अनुदानग्राही रु. एक लाखमा |



०८२/३/१० 
(प्रमुख)
बाली संरक्षण निर्देशक

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

घोराही, दाङ

पत्र संख्या : ०८२/८३
चलानी नं :

| कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|
| सहयोग | र बजारिकरण<br>• सामग्रीमा सहयोग, बजार विकासका उपकरण, ठेला, अटो रिक्सा आदि। | • सहकारी/ बजार व्यवस्थापन समितिलाई बजारिकरणका कार्यक्रम कार्य योजना सहित प्रस्ताव माँग गरि छनौट गर्नु पर्ने ।<br>• आफ्नो उत्पादन प्रशोधन र बजारिकरण गर्नेलाई प्राथमिकता दिन सकिने। तरकारीको बजारिकरणलाई प्राथमिकता दिने | नबढ्ने गरी कूल लागकको अधिकतम ५० प्रतिशत अनुदान सहयोग |
| रैथाने बाली तथा स्थानीय जातका बालीबस्तु प्रबर्द्धन कार्यक्रम | खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारीजन्य रैथाने तथा स्थानीय जातका बालीको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक) | • उत्पादन, संकलन, प्रशोधन, बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी हुनुपर्ने<br>• उपयुक्तताका आधारमा कार्यालयले लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने | प्रति अनुदानग्राही रु. ५० हजारमा नबढ्ने गरि कूल लागतको ५० प्रतिशत अनुदान सहयोग |
| व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम | फर्म/ कृषक समूह/सहकारीले बालीको उत्पादन तथा प्राथमिक प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरू वीउ विजन, वाली संरक्षण, सुक्ष्मतत्व, जैविक विषादी आदी | बाली/बस्तु – क्षेत्रफल<br>तरकारी – ५ कठ्ठा<br>समूह/सहकारीको हकमा उल्लिखित क्षेत्रफलको २५ कठ्ठा भन्दा बढी हुनुपर्ने | • यन्त्रउपकरण/अन्य सामग्रीको हकमा ५० प्रतिशत<br>• बीउ बिजन तथा टनेल निर्माणमा ५० प्रतिशत<br>• प्रति कठ्ठा बढीमा रू. ३ हजारसम्म अनुदान सहयोग |
| वादी समुदायका लागि कृषि उपज ढुवानीका लागि | कृषि उपज ढुवानीका लागि उपयुक्त हुने गरी डिजाइन भएको अटो रिक्सा खरिद | • कृषि उपजको उत्पादन वा बजारीकरण वा दुवै कार्यमा संलग्न भएको वादी समूदायको | • प्रति अटो रिक्सा ८० प्रतिशत वा अधिकतम रु. ६ लाख मध्ये जुन कम |



०८२/४/३०
नवराज भण्डारी
(प्रमुख)
बाली संरक्षण निर्देशक

पत्र संख्या : ०८२/८३
चलानी नं :

| कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|
| खरिदमा सहयोग | | • कम्तीमा ५ बर्ष सम्म नामसारी गर्न नपाईने | अनुदान सहयोग गर्न सकिने। |
| स्मार्ट बागबानी प्रविधि (Precision and Protected Horticulture) सुधार र विस्तार सहयोग कार्यक्रम | स्मार्ट वागवानी प्रविधि सुधार र विस्तारको लागि सिंचाइको लागि सोलार प्रणाली जडान, बजारीकरण सामग्री सहयोग, लेवलिङ्ग तथा प्याकेजिङ्ग सामग्री सहयोग | • फर्म/कृषक समूह/सहकारी मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने संरक्षित संरचनाभित्र कम्तिमा ५ कठ्ठा क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गरेको हुनुपर्ने । | रु ५ लाखमा नबढ्ने गरि अधिकतम् ५० प्रतिशत अनुदान सहयोग। |
| प्राङ्गारिक कृषि उपज विक्री कक्ष स्थापना सहयोग | फर्म/कृषक समुह/कृषि सहकारी मार्फत प्राङ्गारिक कृषि उपज विक्रि कक्ष निर्माण गरी प्राङ्गारिक कृषि उपज विक्री वितरण सम्बन्धि कार्य गर्ने। | • विक्रि कक्षको भाडा करारनामा सम्बन्धी व्यवस्था स्थानीय तहले व्यवस्थापन गर्नु पर्ने<br>• कार्यक्रम सहभागी हुने लाभग्राहीले करोवार सुनिश्चितका लागि कृषकहरुको कृषि उपज खरिद गर्ने पुर्व खरिद सम्झौता पेश गर्नु पर्नेछ।<br>• विक्रि कक्षको दिगो सञ्चालनका लागि स्थानिय तहको प्रतिवद्धता हुनुपर्ने छ। | • विक्रि कक्षको भाडा र सोको व्यवस्थापनमा प्रयोग हुने उपकरण सामाग्रीहरुः र्‍याक, फ्रिज/कोल्ड रुम,सोकेस,लगायतका समाग्रीमा अधिक्तम ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ। |

**आवश्यक कागजातहरूः**

१. निवेदन (निवेदनको ढाँचा उपलब्ध रहेको)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि ।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (ढाँचा उपलब्ध रहेको ।
६. सम्बन्धित स्थानीय तहको सिफारिश पत्र।
७. समूह तथा सहकारीका हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

०८२।३।३०
नवराज भण्डारी
(प्रमुख)
बाली संरक्षण निर्देशक


☎०८२-५६०१३०/५६००२५, Email: akcdang @gmail.com/websites:dang.akc.gov.np

९. जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (करार पत्र)।

पुनश्चः उल्लेखित मिति भित्र आवश्यक कागजात तथा प्रक्रिया नपुगेका आवेदनहरु माथि प्रक्रिया अगि बढाउन कार्यालय बाध्य हुने छैन । आवेदन तथा प्रस्ताव भर्न नजानेका कृषक, कृषक समूह तथा सहकारीहरुलाई कृषि ज्ञान केन्द्रमा स्थापना गरिएको सेवाग्राही सहयोगि कक्षमा रहेका कर्मचारीहरुबाट र यस केन्द्र मार्फत स्थानीय तहमा खटाईएका प्राविधिकहरुबाट सहजिकरण हुनेछ ।

**थप जानकारीका लागि**

कृषि ज्ञान केन्द्र, दाङ
०८२-५६००२५
मोवाइल नं: ९८५७८४५७२५
वेबसाइट: dang.akc.gov.np

...राज भण्डारी
(प्रमुख)
बाली संरक्षण निर्देशक